# जिल्ला बिकास समिती, बाँकेको

# सामाजिक परीक्षण कार्यक्रम

# आ.ब. २०७०/०७१

## प्रतिबेदन–पत्र

## १. पृष्ठभुमि :

### १.१. सहजिकरण गर्ने संस्थाको परिचय :-

बागेश्वरी असल शासन क्लब (बास) बिगत १४ बर्ष देखि भ्रष्टाचार बिरुद्ध क्रियाशिल छ। यसले समाज परिबर्तनका लागि बिभिन्न क्रियाकलापहरु संचालन गर्दै आएकोछ। २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहंदै आएको छ। ५९ जिल्ला शाखा, १०० उपशाखा, २० ईकाई र ४२०० सदस्य भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सुचनाको हक, अपाँगता अधिकार, युवा नेतृत्व बिकास र संचारका क्षेत्रमा काम गर्दै आईरहेकोछ। यो भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी सँस्था टि.आई. नेपालसँग आबद्ध सँस्था हो।

### १.२. सामाजिक परीक्षण के हो ? :-

सामाजिक बिकास निर्माणको क्षेत्रमा काम गर्ने संस्थाहरु सरोकारवालाहरुप्रति जवाफदेही र पारदर्शी हुनु पर्दछ भन्ने माग बढ्दै गएकोछ। यसै कुरालाई ध्यानमा राखि बिकास आयोजनाहरु सही तरिकाबाट कार्यन्वयन भईरहेका छन् वा छैनन् ? भनेर अनुगमन गर्ने भरपर्दो बिधि सार्वजनिक लेखापरिक्षण (Social Audit) हो। बिकासे संस्थाहरुले सन् १९९० पछि यसलाई उपयोग गर्दै आएका छन्। यसले योजनातर्जुमा, कार्यान्वयन, बजेट बांडफांड लगाएतका बिषयमा छलफल गर्ने उचित अबसर दिन्छ। यो सामाजिक रुपमा लेखाजोखा गर्ने कार्यक्रम हो। सामाजिक बिकासको क्षत्रेमा काम गर्ने सरकारी निकाए तथा गैर सरकारी निकाएले सालेप गर्नु पर्ने प्राबधान भएतापनि कार्यन्वयन हुन सकिरहेको छैन। सार्बजनिक दायित्व निर्बाह गर्न पर्ने व्यक्ति वा निकायले काम गर्दा अपनाउने प्रकृया, कार्यक्रमको श्रोत परिचालनको नियमितता, कामको प्रभाबकारिता, सान्दर्भिकता तथा कार्यदक्षताका बारेमा सरोकारवाला समक्ष पारदर्शी र जवाफदेही ढँगबाट प्रस्तुत हुने कार्य सालेप हो। सेवाप्रदायक र सरोकारवाला एउटै थलोमा बसेर लेखाजोखा, समिक्षा तथा बिश्लेषण गर्नु सामाजिक लेखा परिक्षण हो।

**१.३. सा.प. किन ? :–**

- सार्वजनिक निकायले संचालन गर्ने गतिबिधिका बारेमा सरोकारवालालाई जानकारी दिने संस्कारको बिकास गर्न ।
- कार्यक्रम संचालन गर्दा हुने अनियमिततालाई रोक्न ।
- सरोकारवालाप्रति जवाफदेही र पारदर्शी बनाउन ।
- निर्णय, कार्यन्वयन प्रकृया र आर्थिक प्रशासनमा पारदर्शीताको बिकास गर्न ।
- अनुगमन, मुल्याँकन र समिक्षा गर्ने परिपाटीको बिकास गर्न ।
- श्रोतसाधनको सही ढँगले परिचालन गर्न, गराउन ।
- समुदायको सहभागिता अभिबृद्धि गर्न ।
- अनाबश्यक खर्च नियन्त्रण गरि स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्न ।
- अउत्पन्न हुन सकने अन्तरद्धन्द कम गर्न ।
- थप नोक्सानी हुनबाट रोक्न ।

**१.४. सा.प.को गन्तब्य : –**

| |
|---|
| सरलताबाट जटिलतातर्फ |
| शुन्यताबाट कोलाहलतर्फ |
| अन्यौलताबाट स्पष्टतातर्फ |
| भुत र बर्तमान हुँदै भबिष्यतर्फ |
| सांघुरोबाट फराकिलोतर्फ |
| असहभागिताबाट सहभागितातर्फ |
| डरपोखबाट निडरतातर्फ |
| नकारात्मकबाट सकारात्मकतर्फ |
| काल्पनिकताबाट बस्तुपरकतातर्फ |
| एकांकी सोचाईबाट बहुआयामिकतर्फ |
| गैरजिम्मेवारीबाट जिम्मेवारी बहनतर्फ |
| अनिश्चितताबाट निश्चिततातर्फ |
| असहमतिबाट सहमतितर्फ, र |
| अनिर्णयबाट निर्णयतर्फ |

***१.५. कार्यक्रमको पृष्ठभूमि*** :–

स्थानीय सरकार भनेको गाँउ बिकास समिति, नगरपालिका, जिल्ला विकास समिति लाई बुझिन्छ । राजनितिक तरलता र संक्रमणका कारण हाल सम्म स्थानीय निकायको निर्वाचन हुन सकिरहेको छैन । जनताका अपेक्षा धेरै छन्, राज्यले सम्बोधन गर्न सकिरहेको छैन । स्थानीय निकायले एक आर्थिक बर्षमा

सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एक पटक सामाजिक परिक्षण गर्नु पर्ने प्रावधान सरकारले अगाडि सारेको छ । नेपाल सरकारले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरुले एक आर्थीक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई ब्यवस्थित गर्न स्थानीय निकाय सामाजिक परीक्षण कार्यबिधि, २०६७ समेत तर्जुमा गरेको छ । जसको प्रमुख उद्धेश्य भनेको स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्ग दर्शन गर्नु नै हो ।

स्थानीय निकायको सामाजिक परीक्षण गर्दा योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याँकन गरिन्छ । जसले गर्दा सो निकायको पारदर्शिता झल्कनुका साथै कामको प्रभाव समेत बढ्दै जान्छ । यति मात्र नभएर कार्यक्रमको दिगोपना, जनताको भलाई र स्थानीय निकायको सबलिकरणका लागि पनि सामाजिक परिक्षण गर्न आवश्यक छ । सो कार्यक्रममा स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यबिधि अनुसार कार्य गर्न प्रोत्साहन दिईन्छ भने समावेशि र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न र लक्षित वर्गलाई ध्यान दिई सेवा प्रवाह गर्न दायीत्वबोध गराउँछ । यहि प्रक्रियालाई मनन् गर्दै नेपालगञ्ज नगरपालिका बाँकेको आ.ब. २०७०/२०७१ को **सामाजिक परीक्षण** सम्पन्न गरिएको छ ।

### **१.६. जिल्ला बिकास समिति, बाँकेको परिचय :**



**जिल्ला बिकास समिति, बाँकेको कार्यालय**

भौगोलिक स्थिति

जिल्ला कूल क्षेत्रफल -२२५८ वर्ग कि.मी.

सिमाना : पूर्व दाङ्ग, पश्चि वर्दिया, उत्तर सल्यान दाङ्ग, दक्षिण भारत

देशको कुल क्षेत्रफलमा जिल्लाको प्रतिशत : १.५३%

आक्षांस : २७°५१' देखि २८°२०' उत्तरी

देसान्तर : ८१°२९' देखि ८२°८' पूर्व

उचाई : ७०८. ७५ मीटर

राजनैतिक तथा प्रशासनिक विभाजन

विकास क्षेत्र - मध्य पश्चिम

अञ्चल - भेरी

संसदीय निर्वाचन क्षेत्र - ४

ईलाका - १३

गाविस संख्या - ४६

**बाँके जिल्लाको नक्शा**




**शिक्षाको अवस्था :**

- कूल साक्षरता प्रतिशत : ७७ प्रतिशत
- महिला साक्षरता : ७२ प्रतिशत
- पुरुष साक्षरता : ८२ प्रतिशत
- प्राथमिक विद्यालय संख्या : ५४८
- माध्यामिक विद्यालय संख्या : ६९

- उमावि संख्या : ४८
- क्याम्पस संख्या : १३
- विद्यालय भर्ना भएका वालवालिका संख्या : १४५०९६

**जनसंख्या विवरण (प्रारम्भिक नतिजा २०६८)**

कुल जनसंख्या - ४९३०१७

महिला जनसंख्या - २४८०१३

पुरुष जनसंख्या - २४५००४

कुल जनसंख्यामा जिल्लाको (%) - १.९




**संसदिय बिकास क्षेत्रको नक्शा ।**

<u>**स्वास्थ्य सेवाको अवस्था :**</u>

- अस्पताल संख्या : ९
- स्वास्थ्य केन्द्र संख्या : ४४
- प्राथमिक स्वास्थ्य केन्द्र संख्या : ३
- सुरक्षित खानेपानी प्राप्त जनसंख्या (%) : ९०
- मातृ मृत्यु दर (प्रति लाख) : १६६

- वाल मृत्यु दर (प्रति हजार) : ८५
- शिशु मृत्यु दर (प्रति हजार) : ७१

**<u>भू उपयोगिता :</u>**

बनले ढाकेको क्षेत्रफल : ११३२९५ हे.

कृषि योग्य जमिन : ५७००० हे.

खेती गरिएको जमिन : ५२००० हे.

सिंचित जमिन : ५९४२ हे.

आवादी क्षेत्र : ९२०६८ हे.

**<u>प्रमुख पर्यटकिय सम्पदाहरु :</u>**

- वागेश्वरी मन्दिर, भुवर भवानी मन्दिर, कम्मरसावावा मन्दिर,
- रानी तलाउ, वाटर पार्क, बघौडा ताल, पुरैना पुरैनी ताल
- बाँके राष्ट्रिय निकुन्ज

**जिल्ला विकास समितिको प्रमुख श्रोतहरु :**

- ढुङ्गा, गिटी, वालुवा र मोरङ्ग ठेक्का,
- सामान निकासी कर
- सडक दस्तुर
- हाड सिङ्ग, माछा, काठ दाउरा, घाट उत्राही ठेक्का

**जिल्लामा सक्रिय गैससको संख्या : ५५**

**जिल्लामा क्रियाशिल बैंक तथा वित्तीय संस्थाहरुको विवरण : ७२**

**जिल्लामा भएका उद्योगहरुको विवरण (ठुला, मझौला र साना) : २२५३**

**CFLG लागु भएका गाविस तथा नपा संख्या : १**

**<u>जिल्ला विकास समितिसंग सम्बन्धित केही जानकारीहरु :</u>**

शाखाहरु : योजना शाखा, प्रशासन शाखा, लेखा तथा राजस्व शाखा, सूचना शाखा, सामाजिक विकास शाखा, आन्तरिक लेखापरिक्षण शाखा, जिन्सी शाखा, प्रयोगशाला, स्थानीय विकास कोष, उर्जा तथा वातावरण इकाई

- **स्वीकृत कूल दरवन्दी संख्या : ९३**
- **निजामति : ५२ (गा.वि.स. सचिव समेत)**
- **जिविस तर्फ : ४१ (स्था.वि. कोष समेत)**
- **<u>कार्यरत कूल कर्मचारी संख्या</u>**

- निजामति :    ४९
- जिविस तर्फ :         २९
- एलजीसीडीपी. :      १
- उर्जा तथा वातावरण इकाई :  २
- जिल्ला प्राविधिक कार्यालय :    १४

**१.७. जिबिस, बाँकेका उद्धेश्यहरु :–**

- लक्षित बर्गको उत्थान गर्ने ।
- पिछडीएका गाबिसहरुको आर्थिक र सामाजिक बिकासमा ध्यान दिने ।
- उपलब्ध स्रोत बिपन्न बर्ग सम्म उपलब्ध गराउने ।
- सहकार्य अभिबृद्धि गर्ने ।
- भौतीक पूर्वाधारको विकास, विस्तार र सुधार गर्ने ।
- स्थानीय सरकारी तथा गैससहरुको कार्य क्षमतामा अभिबृद्धि गरि सँस्थागत विकास गर्ने ।
- प्रभावकारी सुचना प्रवाह गर्ने ।
- स्वच्छ वातावरण कायम गर्ने ।
- सडक विस्तार तथा सरसफाईका लागि अभियान चलाउने ।
- खुला दिशामुक्त अभियान सञ्चालन गर्ने ।
- जिल्लामा सुशासन कायम गर्ने ।
- नागरिकहरुका गुनासो सुनुवाई गर्ने ।
- बाल मैत्री स्थानीय शासनलाई कार्यन्वयन गर्ने ।
- सार्वजनिक निजी साझेदारी नीतिलाई लागू गर्न समन्वयकारी भूमिका निर्बाह गर्ने ।
- स्थानीय निकाय, बिषयगत कार्यालय, गैससहरुको नियमित अनुगमन गर्ने ।
- बिकास निर्माण तथा सामाजिक परिचालनका कार्यमा एकद्धार प्रणाली लागु गर्ने ।
- जिल्लाको समग्र बिकास गर्ने ।

**१.८. गत बर्षका उपलब्धिहरु :–**

**गत बर्षका महत्वपूर्ण उपलब्धीहरु**

(क) प्रशुती गृह निर्माण

(ख) क्षमता विकास

(ग) सडक सञ्जाल विस्तार (RAIDP)

**कच्ची : २२.८०, ग्राभेल : १६.१५, ओटाशील : १६.४७**

(घ) आकष्मिक कोष व्यवस्थापन

**आ.व. २०६९।०७० मा २५ उ.मा.वि., ८० विद्यालय, २१ मदरसा र ६ स्वास्थ्य संस्थाहरुलाई करीव ४ करोड पूर्वाधार विकासमा आर्थिक अनुदान ।**

(ङ) रुपान्तरणीय सामाजिक परिचालन

**1.९. यस आ.ब.मा भएका मूख्य गतिबिधिहरु :–**

- **सामाजिक परिचालन**

- **वडा नागरिक मञ्चको संख्या : ४1४**
- **नागरिक सचेतना केन्द्रको संख्या : ४६**
- **सामाजिक परिचालकको संख्या : ४६**

**सुशासन तथा पारदर्शीता :**

- प्राबधान बमोजिम बासको सहजिकरणमा जिबिस, बाँकेले यस आ.ब.मा ३ पटक (हरेक चौमासिकमा एक पटक) सार्वजनिक सुनवाई सम्पन्न गरेको ।
- सार्वजनिक परिक्षण प्राबधान बमोजिम बिभिन्न परियोजनाको सम्पन्न गरिएको, उपभोक्ता समितिद्धारा गरिएको सार्वजनिक परीक्षण बिधि सम्मत नभई कागजि रुपमा मात्र भएको ।
- सामाजिक परीक्षण पहिलो चौमासिकमा सम्पन्न भएको ।
- ३ वटा घुम्ति सेवा शिबिर ।
- **सूचना प्रबाह**
- जिबिसको सूचना केन्द्रको स्थापना भई प्रभाबकारी कार्य भईरहेको ।
- आर्थिक तथा प्रगति बारेको सूचना प्रकाशन तथा प्रशारण गर्ने गरेको ।
- जिबिसको वेवसाईड सञ्चालन भईरहेको ।
- २४ वटा जिबिस गतिबिधि सूचना कार्यक्रम ।
- केही गाबिस बाहेक अन्य गाबिसको बेवसाईड सञ्चालनमैं नआएको ।
- **लक्षित बर्ग उत्थान कार्यक्रम तथा अन्य कार्यक्रम :**

- महिलालाई मुद्धा बनाउने तालिम ।
- मदरसा भौतिक निर्माण ।
- ३ वटा बिद्यालय भवन निर्माण ।
- नरैनापुरमा गाउँ सुरक्षा बाँध निर्माण ।
- महादेबपुरीमा भुक्षय कल्भर्ट निर्माण ।
- सोनपुरमा ईलाका स्वास्थ्य चौकी प्रयोगशाला निर्माण ।
- महादेबपुरीमा सर्पदंश उपचार केन्द्र निर्माण ।
- लक्षित बर्गलाई सिपमूलक तालिम, सोनपुर, टिटिहिरिया, रनियाँपुर
- १० गाबिसलाई खुला दिशामुक्त अनुदान ।
- दृष्टिबिहिन बिद्यार्थीकालागी ब्रेन लिपि कम्प्युटर सहयोग २ वटा ।
- बिपन्न तथा पिछडा बर्ग कार्यक्रम, ७ वटा ।
- ६५ हेक्टरमा आयमूलक बगर खेती ।
- ६ स्थानमा आईपिएम खेती प्रबिधि बिस्तार ।
- ५ स्थानमा पशु नश्ल कार्यक्रम ।
- बाल मैत्री स्थानीय शासन कार्यक्रम ४ वटा ।
- बातावरण र बन बिकास कार्यक्रम २ वटा ।
- उर्जा सम्बन्धि कार्यक्रम ३ वटा ।
- व्यक्तिगत घटना दर्ता अभिलेख ४७ वटा ।
- झोलुंगे पूल क्षेत्रगत कार्यक्रम अर्न्तगत ४ गाबिसमा काम सम्पन्न ।
- मनिकापुरमा स्थानीय सडक पूल निर्माण ।
- ग्रामिण पहुँच सुधार तथा बिकेन्द्रिकरण कार्यक्रम अर्न्तगत ८ वटा योजना सम्पन्न ।
- रोयल्टि व्यवस्थापन अर्न्तगत ३ गाबिसलाई अनुदान ।
- उपेक्षित, उत्पीडित र दलीत बर्ग उत्थान कार्यक्रम अर्न्तगत ४ वटा जातीय छुवाछुत गोष्ठि, १३ वटा परम्परागत सीप परिमार्जन मेशिन खरिद ।
- पिछडीएको समुदाय उत्थान कार्यक्रम अर्न्तगत ८ वटा आयोजना सम्पन्न ।
- आदिवासी, जनजाती उत्थान कार्यक्रम अर्न्तगत ४ निर्वाचन क्षेत्रमा आईएलओ सम्बन्धि गोष्ठि, १ व्टा कुचबधियाँ सम्बन्धि कार्यक्रम ।
- १ वटा गुम्बा व्यवस्थापन ।
- ९ वटा द्धन्द पैभाबित क्षेत्र बिकास कार्यक्रम ।
- सडक बोर्डको कार्यक्रम अर्न्तगत ६ वटा सडक निर्माण ।

- जिबिस कोष राजश्व बाँडफाँड अर्न्तगत २२ वटा आयोजना सम्पन्न ।
- जिबिस कोष आन्तरीक आय पूँजिगत अर्न्तगत १ वटा प्रसुती भवन निर्माण, १ वटा बाल बिकास केन्द्र, १ व्टा सडक, १ वटा डुँगा मर्मत, सोलार मर्मत, महिला सशक्तिकरण, चेलिबेटि बिचबिखन बिरुद्ध कार्यक्रम, महिलाका लागि लोकसेवा कक्षा तायरी, दलित सशक्तिकरण, आदिवासी कार्यक्रम, अपाँग क्षमता बिकास ७ वटा, मधेशी, मुस्लिम सम्बर्द्धन कार्यक्रम ३ वटा, लोपोन्मुख जाती संरक्षण कार्यक्रम, २ वटा, यूवा सशक्तिकरण कार्यक्रम, पत्रकारिता क्षमता बिकास ३ वटा, लघुउद्यम कार्यक्रम, साहित्य प्रोत्साहन कार्यक्रम २ वटा ।
- खेलकुद बिकास कार्यक्रम ४ वटा, एचआईभि बिरुद्धको कार्यक्रम, गैसस क्षमता अभिबृद्धि, दैबी प्रकोप व्यवस्थापन, मानब संसाधन बिकास, सडक मर्मत सम्भार, स्थानीय बिकास बिशेष कार्यक्रम, बातावरणिय व्यवस्थापन कार्यक्रम, गरिबि निबारण कार्यक्रम, महिला तथा बालबालिका कार्यक्रम सञ्चालित ।

**सामाजिक परीक्षणका उद्धेश्यहरु :**

- स्थानीय निकायलाई जनताप्रति जवाफदेहि बनाई स्थानीय निकायका सरकारका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जना गर्ने ।
- जिबिस, बाँकेले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।
- जिबिस, बाँकेले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको सरोकारवालाहरुलाई जानकारी गराउने ।
- कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने ।
- जिबिस, बाँकेका गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- जिबिस, बाँकेको सामाजिक परिक्षण गर्ने ।
- लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्ने ।
- श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिन ।

**३. सामाजिक परीक्षण अध्ययन बिधि :–**

✓ सामाजिक परीक्षण समन्वय समिति गठन ।

✓ सन्दर्भ सामाग्री अध्ययन र समिक्षा ।

✓ अन्तवार्ता, स्थलगत अवलोकन र समूहगत छलफल ।

- ✓ प्रारम्भिक प्रतिबेदन तयारी ।
- ✓ प्रारम्भिक प्रतिबेदन प्रस्तुती तथा छलफल (समन्वय समितिसँग) ।
- ✓ सामाजिक परिक्षण

**(प्रारम्भिक प्रतिबेदन तयारी तथा प्रस्तुती)**

- ✓ अन्तिम प्रतिबेदन तयारी तथा पेश ।

**४. अध्ययनको सिमा :**

जिल्ला बिकास समितिद्धारा सञ्चालित बिकास निर्माणका कार्य तथा सामाजिक परिचालनका कार्यहरु ।

**४.१. सामाजिक परिक्षण अर्न्तगत गरिने गतिबिधिको बिस्तृतिकरण :–**

**✓ सामाजिक परीक्षण समन्वय समिति गठन ।**

जिल्ला बिकास समिति, बाँकेको सामाजिक परीक्षण गर्नका लागि जिबिस, बाँकेले एक सामाजिक परिक्षण समन्वय समिति गठन गरेको थियो ।

**✓ सन्दर्भ सामाग्री अध्ययन र समिक्षा ।**

सामाजिक परिक्षण कार्यक्रममा प्रस्तुत गरिने प्रतिबेदन तयारीका लागि न जिल्ला बिकास समिति, बाँकेले सञ्चालन गरेका गतिबिधिहरुले पारेको सामाजिक प्रभावको अध्ययनका लागि जिल्ला बिकास समिति, बाँकेले प्रकाशन गरेका बुलेटिन, ब्रुसर, बार्षिक योजना पुस्तक लगाएतका सन्दर्भ सामाग्रि अध्ययन र समिक्षा गरि परीक्षणको काम शुरु गरिएको थियो ।

**✓ अन्तवार्ता, स्थलगत अवलोकन र समूह छलफल ।**

सामाजिक परिक्षण कार्यक्रममा प्रस्तुत गरिने प्रतिबेदन तयारीका लागि जिल्ला बिकास समिति, बाँकेसँग सरोकार राख्ने बिभिन्न सरोकारवालाहरुको अन्तबार्ता लिईएको थियो भने नगरपालिकाले सञ्चालन गरेका योजनाहरुको स्थालगत अवलोकन गरि बिभिन्न समूहहरुसँग समूहगत छलफल समेत गरिएको थियो ।

**✓ प्रारम्भिक प्रतिबेदन तयारी ।**

सामाजिक परिक्षण कार्यक्रममा प्रस्तुत गर्नका लागि सहजकर्ताको समूहले प्रतिबेदन तयार पारेको थियो ।

**✓ प्रतिबेदन प्रस्तुती तथा छलफल (समन्वय समितिसँग) ।**

सामाजिक परिक्षण कार्यक्रममा प्रस्तुत गरिने प्रतिबेदनका बारेमा समन्वय समितिसँग छलफल गरि प्राराम्भिक प्रतिबेदनलाई थप परिमार्जन गरिएको थियो ।

**✓ सामाजिक परीक्षण**

(प्रारम्भिक प्रतिबेदन तयारी तथा प्रस्तुती)

उल्लेखित प्रकृया पूरा गरेपछि सामाजिक परिक्षण कार्यक्रम आयोजना गरिनेछ, बहुसरोकारवालाहरुको सहभागितामा सम्पन्न सो कार्यक्रममा सहजकर्ताले तयार पारेको प्रारम्भिक प्रतिबेदन सामाजिक

परिक्षणमा पेश गरिएको थियो भने सो प्रतिबेदन माथि छलफल गरिएको थियो । छलफलबाट आएका सुझाबहरुलाई समेटि अन्तिम प्रतिबेदन तयार पार्ने काम समेत भएकोछ ।

✓ **अन्तिम प्रतिबेदन तयारी तथा पेश**

यसरी अन्तिम प्रतिबेदन तयार पारि सहजकर्ताको समूहले जिल्ला बिकास समिति, बाँकेलाई प्रतिबेदन बुझाउने काम भएकोछ ।

**सामाजिक परिक्षण गर्दा अपनाईएका प्रकृया :–**

- समूह छनौट ।
- प्रारम्भिक उद्धेश्य लेखन ।
- आफुमा भएको ज्ञानको परिक्षण ।
- अधिकारीहरुसँग सम्पर्क ।
- सहभागीहरुको चयन ।
- कार्यक्रमस्थलको व्यवस्था ।
- निमन्त्रणा बितरण ।
- सम्पर्क कायम राखिरहने ।
- अन्तिम तयारी ।
- कार्य बिभाजन ।
- सा.पको आयोजना ।
- प्रेस बिज्ञप्ती प्रकाशन ।
- मुल्यांकन, अनुगमन ।

**स्थलगत अवलोकनबाट प्राप्त तथ्यहरु :**

- नागरिक बडापत्र उचित स्थानमा भएको ।
- गुनासो पेटिकाको प्रयोग नभएको ।
- कार्यालय व्यवस्थापन ।
- कार्यालय प्राँगणको समुचित उपयोग नभएको ।
- आयोजना, परियोजना सूचना बोर्ड परियोजना स्थलमा राख्ने नगरिएको ।
- कार्यालय समयमा सबै कर्मचारीहरु आफ्नो कार्यकक्षमा नभेटिने गरिएको ।
- सरकारी पोषाखमा सबै कर्मचारीहरु उपस्थित नहुने गरेको ।
- नेमप्लेटको व्यवस्था ।

**अभिलेखिकरण/समन्वय :**

- जिबिसको अभिलेखिकरण चुस्त, दुरुस्त गर्ने प्रयास भएको ।
- कर्मचारी बिच, समन्वय, सहकार्य भएको ।
- दक्ष जनशक्तिको खाँचो ।
- वेवसाईट अपडेट भईरहेको ।
- बिभिन्न गैससहरुसँग समन्वयमा काम भईरहेको ।
- अन्तराष्ट्रिय गैससहरुसँग समन्वय बढाउने प्रयास भएको ।

**अन्तवार्ता र समूहगत छलफलबाट प्राप्त तथ्यहरु :**

- सँघ, संस्था बिचको समन्वय प्रभाबकारी भएको ।
- लक्षित बर्गको उत्थानका क्षेत्रमा उल्लेख्य काम भएको ।
- सहकार्यको प्रयास ।
- खुला दिशामुक्त अभियान सञ्चालन तिब्र रुपमा भईरहेको ।
- आन्तरिक सुशासनका लागि प्रयास भईरहेको ।
- बिकास निर्माणका कार्यहरुको अनुगमन अभाब ।
- प्रत्यक्ष बिना झन्झट स्थानीय बिकास अधिकारीलाई जो सुकैले भेट्न सक्ने ।
- गुनासो सुन्ने अधिकारीका बारेमा जानकारी सर्बसाधारणलाई नभएको ।
- जिबिसका गतिबिधिहरु बारे प्रकाशनमा जोड दिनु पर्ने ।

**नागरिक प्रतिबेदनबाट प्राप्त तथ्य :**

- नागरिक बडापत्रका बारेमा धेरैलाई थाह नभएको ।
- नागरिकहरुका लागि हेल्प डेस्क नभएको ।
- भुत्तानी प्रकृया झण्झटिलो नभएको ।
- राजनितीक प्रभाब कायम ।
- समयमा काम गरिदिनु पर्ने ।
- प्राबिधिक जनशक्तिको अभाब ।
- सबै कर्मचारी समयमैं उपस्थित नहुने गरेको ।
- कर्मचारीको व्यवहार राम्रो ।

**५. बृहत छलफल कार्यक्रमको बिबरण :**

क) मिति : २०७१ कार्तिक २८ गते  ख) जिल्ला बिकास समिति, बाँकेको सभाकक्ष  ग) समय : दिउसो २.०० बजे देखि ४.०० बजे सम्म

जिल्लामा सञ्चालित बिकास निर्माणका काममा नियमित अनुगमन गरिने प्रतिबद्धता व्यक्त गरिएको छ ।

बिकास निर्माणका कार्यमा अनुगमन नियमित नहुँदा बिकास निर्माणका कार्यमा असर परेको ठहर गर्दै नियमित अनुगमन गर्नका लागि जिल्ला स्तरिय अनुगमन संयन्त्र निर्माण गरिने भएको छ ।

जिल्ला बिकास समिति, बाँकेको आयोजना र बासको सहजिकरणमा सम्पन्न जिल्ला बिकास समिति, बाँकेको सामाजिक परीक्षण कार्यक्रममा उक्त प्रतिबद्धता व्यक्त गरिएको हो ।

उक्त प्रतिबद्धता संगै जिल्ला स्थित सरोकारवालाहरुले ९ बुँदे प्रतिबद्धता व्यक्त गरेका छन् । जसमा सामाजिक परीक्षण प्रारम्भिक प्रतिबेदनले देखाएका सवालहरु सम्बोधन गर्ने, बिकास निर्माणका कार्यहरु, गैसस, बिषयगत कार्यालय, गाबिसहरुको नियमित अनुगमन गर्ने, जिबिस बाँकेमा रहेको जनशक्ति रिक्ततालाई पूर्ति गर्न पहल गर्ने, सुगम जिल्लाको दुर्गम क्षेत्रको रुपमा परिचित राप्तीपारी बघौडा क्षेत्रको समग्र बिकासका लागि पहल गर्ने, बिकास निर्माणको प्राबिधिक पक्षबारे पटक, पटक गुनासो आउने गरेकाले सो बारे सम्बद्ध सरोकारवालाहरु सचेत भई समस्या समाधानका लागि पहल गर्ने, नियमानुसार बाँकेका सबै गाबिसहरुले सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण नगर्ने गरेकाले नियमित गर्न निर्देशनात्मक परिपत्र गर्ने, नागरिकहरुको सहजताका लागि नागरिक सहायता कक्ष स्थापना गर्ने र बिकास निर्माण तथा बिकासका सवालहरुमा सरोकारवालाहरुले अर्थपूर्ण सहभागिता जनाउने रहेका छन् ।

प्रतिबद्धता जनाउँदै स्थानीय बिकास अधिकारी जीवलाल भुषालले जिल्लाको समग्र बिकासका लागि सबै सरोकारवालाहरु एक हुनु पर्ने बताए । नेपालगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठले बाँकेको बिकासका लागि योजनाबद्ध ढँगले अघि बढ्नु पर्ने बताए । गैससकर्मी धर्मलाल रोकाय, कृष्ण बि.क.ले सामाजिक कार्यमा अग्रसरता जनाउनु पर्ने बताए । राजनीतिक दलका मोहनलाल सोनकर, जिल्ला जनस्वास्थ्य कार्यालय बाँकेका प्रमुख नगेन्द्र प्रसाद चौधरी लगाएतले कार्यक्रममा बोलेका थिए ।

स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्नका लागि गरिने सामाजिक परीक्षण अर्न्तगत योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याँकन गरि गर्ने गरिन्छ ।

स्थलगत अवलोकन, सन्दर्भ सामाग्री अध्ययन, समिक्षा, अन्तवार्ता, समूहगत छलफल, नागरिक प्रतिबेदन पत्र, बर्हिगमन अभिमत संकलन लगाएतका बिभिन्न बिधिहरुबाट प्राप्त तथ्यका आधारमा तयार पारिएको प्रारम्भिक प्रतिबेदन आज आयोजित कार्यक्रममा प्रस्तुत गरिएको थियो ।

सामाजिक परीक्षण समन्वय समितिका संयोजक तथा स्थानीय बिकास अधिकारी जीबलाल भुषालको सभापतित्वमा सम्पन्न कार्यक्रममा सामाजिक परिक्षक तथा बासका कार्यकारी निर्देशक नमस्कार शाहले प्रारम्भिक प्रतिबेदन प्रस्तुत गरेका थिए भने अर्का सामाजिक परीक्षक भिम खरेलले स्वागत गरेको कार्यक्रमको खुला शत्रमा बोल्ने बक्ताहरुले जिबिसलाई बिभिन्न सुझाबहरु दिएका थिए ।

**६. स्थानीय निकाय र बिषयगत कार्यालय/गैर सरकारी सँस्थाहरुको बिबरण :**

अनुसुची २ र ३ बमोजिमको बिबरण यसैसाथ संलग्न गरिएको छ ।

**७. सामाजिक परीक्षणबाट देखिएका जिबिस, बाँकेका सवल पक्षहरु :**

- सार्वजनिक, निजी साझेदारी कार्यक्रम लागु ।
- बिभिन्न कार्यक्रम लागु ।
- रणनीतिक योजनाको तय ।
- लक्षित बर्ग उत्थान कार्यक्रम संचालन भएको ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण लगाएतका कार्यक्रमहरु सञ्चालन भईरहेको ।

**८. सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमि, कमजोरीहरु :**

- निर्वाचित राजनैतिक नेतृत्वविहीनताको अवस्था ।
- बिभिन्न खाले दवाव ।
- सेवाग्राही र सेवादायी बिचको सम्बन्ध सुमधुर हुन नसक्नु ।
- स्थानीय निकाय श्रोत परिचालन निर्देशिकाले परिलक्षित गरे जसरी स्थानीय स्तरमा जनसहभागिता, लागत सहभागिता, अपनत्व तथा स्वामित्व जुटाउन नसक्नु ।
- स्थानीय निकाय सञ्चालन सम्बन्धी विभिन्न निर्देशिकाहरुको संख्या अधिक भएको कारण निर्देशिकाहरुको स्मरण तथा पालनामा समस्या भएको ।
- सिमित स्रोत, असिमित जनताका माग ।
- गैससहरुको नियमित अनुगमनको अभाब ।
- आ.ब.को अन्तमा रकम निकाशा हुने कारणले योजनाहरु अधुरो रहने ।

- बढ्दो आर्थिक सहायता माग (पार्टी, संस्थाका आन्तरिक कार्यक्रमका लागि पनि सहयोग माग्ने प्रचलन)
- निती, निर्देशिका बारे उपभोक्ता, उपभोक्ता समितिका पदाधिकारीहरुलाई जानकारीको कमि, अभिमुखिकरणको कमि ।
- बाँकेमा रहेका एकाध गाबिस बाहेकले सासु, सालेप नगर्ने गरेको ।
- गाबिस, आयोजना, योजनाहरुको अनुगमनमा कमि ।
- प्राकृतिक प्रकोपमा सहयोग अपूग ।
- बिकास निर्माणका काममा अप्राप्तता ।
- **सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमि, कमजोरीहरुलाई यहाँ बिस्तृत रुपमा उल्लेख गरिएको छ :**

  कृषितर्फ :

  - कृषि हाटवजारका लागि जग्गाको अभाब ।
  - कृषिको व्यवसायिकतामा कमि ।
  - गैससहरु कार्यक्रममा दोहरोपना ।
  - कृषि तथा पशु सेवाका बारेमा शहरमा खासै कार्यक्रम नभएको ।
  - काञ्जि हाउसको प्रयोग उल्लेख्य मात्रामा नभएको ।
  - छाडा पशुको बिगबिगि ।

  शिक्षा तर्फ :

  - शैक्षिक बिकास अपेक्षाकृत रुपमा नहुनु ।
  - सरकारी बिद्यालयहरुको पढाईमा लापरबाही ।
  - निजी बिद्यालयहरुका बिचमा अस्वस्थ प्रतिष्पर्धा ।

  खानेपानी तथा सरसफाई तर्फ :

  - खानेपानी संस्थानले सबैलाई सेवा पुर्‍याउन नसकेको ।
  - पाईप ठाउँ, ठाउँमा फुट्ने गरेको ।
  - पानी पूर्ण रुपमा शुद्ध नभएको ।
  - सरसफाईको अभियान सशक्त रुपमा नचलेको ।
  - सरसफाई अपेक्षाकृत रुपमा सुधार हुन नसकेको ।

बालबालिका तर्फ :

- बालबालिकाका क्षेत्रमा प्रयाप्त काम भएता पनि समन्वयको अभाब ।
- लक्षित बर्ग उत्थानबाट रकम गाबिसहरुले कम छुट्याउने गरिएको ।

स्वास्थ्य तर्फ :

- जनसंख्या अनुरुप स्वास्थ्य सेवा प्रभाबकारी नभएको ।
- अस्पताल गरिब मैत्री हुन नसकेको ।
- मच्छरको बिगबिगि ।
- सूचना प्रबाहको अभाब ।

आर्थिक तर्फ :

- खर्च बढि आम्दानी कम ।
- आर्थिक बिकासका लागि उल्लेख्य काम नभएको ।

गैसस तर्फ :

- समन्वयको अभाब ।
- सहभागिता न्यून ।
- समुदायको सशक्तिकरण अझैं हुन नसकेको ।
- महिला सहभागिता न्यून ।
- कार्यालय बाँके जिल्लामा, काम अन्य जिल्लामा ।
- अन्तराष्ष्ट्रिय गैससहरुको कार्यक्रम जिल्ला केन्द्रित नहुनु ।

## ९. सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझाबहरु :

- बिकासको आवश्यकताको बोध जनताले गर्नु पर्ने ।
- कार्यन्वयनयोग्य नीतिगत र प्रकृयागत व्यवस्था हुनु पर्ने ।
- श्रोतको उपलब्धता बढाउनु पर्ने ।
- आन्तरीक सुशासनमा अझ जोड दिनु पर्ने ।
- सूचना प्रबाहलाई अझ व्यापकता दिनु पर्ने ।
- गैसस, बिभिन्न योजना, आयोजनाहरुको अनुगमन नियमित गर्नु पर्ने ।
- अनुगमन संयन्त्रको बिकास गर्नु पर्ने ।
- गुनासो सुनुवाई डेस्क बनाउनु पर्ने ।

- नियमित नीति, निर्देशिका बारे अभिमुखिकरण सञ्चालन गर्नु पर्ने ।

**<u>सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरुलाई यहाँ बिस्तृत रुपमा उल्लेख गरिएकोछ :</u>**

कृषितर्फ :

- कृषि हाटवजारको व्यवस्था गरिनु पर्ने ।
- कृषिको व्यवसायिकतामा अभिबृद्धि गर्नु पर्ने ।
- गैससहरुको कार्यक्रममा बृद्धि गरिनु पर्ने ।
- कृषि तथा पशु सेवाका बारेमा शहरमा कार्यक्रम लागू गर्नु पर्ने ।
- काञ्जि हाउसको प्रयोग उल्लेख्य मात्रामा हुनु पर्ने ।
- छाडा चौपाय नियन्त्रण गर्नु पर्ने ।

शिक्षा तर्फ :

- शैक्षिक बिकासमा जोड दिनु पर्ने ।
- सरकारी बिद्यालयहरुको पढाईमा हुने लापरबाही रोक्नु पर्ने ।
- निजी बिद्यालयहरुका बिचमा हुने अस्वस्थ प्रतिष्पर्धा रोक्नु समन्य गर्नु पर्ने ।

खानेपानी तथा सरसफाई तर्फ :

- खानेपानी संस्थानबाट सबैलाई सेवा पुर्‍याउनु पर्ने ।
- पाईप ठाउँ, ठाउँमा फुट्ने गरेकाले सो समस्याको समाधान गर्नु पर्ने ।
- पानी पूर्ण रुपमा शुद्ध उत्पादन गरि बितरण गर्नु पर्ने ।
- सरसफाईको अभियान सशक्त रुपमा सञ्चालन गर्नु पर्ने ।
- सरसफाई अपेक्षाकृत रुपमा सुधार गर्नु पर्ने ।

बालबालिका तर्फ :

- बालबालिकाका क्षेत्रमा प्रयाप्त काम भएता पनि समन्वय नभएकाले समन्वय बढाउनु पर्ने ।
- लक्षित बर्ग उत्थानबाट रकम उल्लेख्य मात्रामा नियमानुसार रकम छुट्याउनु पर्ने ।

स्वास्थ्य तर्फ :

- जनसंख्या अनुरुप स्वास्थ्य सेवा प्रभाबकारी बनाउनु पर्ने ।
- अस्पतालको सेवा गरिब मैत्री बनाउनु पर्ने ।
- मच्छरको बिगबिगि नियन्त्रण गर्नु पर्ने ।

- सूचना प्रबाह व्यापक रुपमा गर्नु पर्ने ।

आर्थिक तर्फ :

- खर्च कम गरि आम्दानी बढाउनु पर्ने ।

गैसस तर्फ :

- समन्वयको अभाब हटाउनु पर्ने ।
- सहभागिता बढाउनु पर्ने ।
- समुदायको सशक्तिकरण बढाउनु पर्ने ।
- महिला सहभागिता बढाउनु पर्ने ।
- कार्यालय जिल्लामा, काम सबै अन्य जिल्ला तिर हुने पक्षलाई रोक्नु पर्ने ।
- अन्तराष्ट्रिय गैससहरुको कार्यक्रम बाँके जिल्लामा केन्द्रित गर्नु पर्ने ।

**९.१. सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु (थपमा)**

- दिर्घकालिन योजना तथा रणनीतिहरु बनाई नगरको बिकासमा ध्यान दिनु पर्ने ।
- आयमूलक तथा रोजगारमूलक कार्यक्रमहरु सचालन गर्नु पर्ने ।
- गैसस, अन्तरीष्ट्रिय गैसस, निजी क्षेत्रसंगको समन्वय, सहकार्य बढाउनु पर्ने ।
- अनुगमन ससंयन्त्रको बिकास गर्नु पर्ने ।
- लक्षित बर्ग उत्थानका कामलाई पारदर्शि ढँगले संचालन गर्नु पर्ने ।

**प्रतिबेदक**

१. सामाजिक परीक्षकको नाम : राजेश मिश्र

२. सामाजिक परीक्षकको नाम : भिम खरेल

**संस्थाको नाम :** बागेश्वरी असल शासन क्लब (बास)